# नेपालमा सहकारी संस्थाहरुमा आयकर ऐनको व्यवस्था

सि.ए विजय सुकुपायो

बि.आर.बि.एस एण्ड एसोसिएट्स

चार्टर्ड एकाउन्टेन्टस

आयोजक : भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ

भक्तपुर

मिति २०८१.०२.१८

# अग्रिम करकट्टी र व्यवस्था

- दफा ८७: नेपालमा स्रोत भएको रोजगारीमा रोजगारदाताबाट रकम भुक्तानी
- दफा ८८: नेपालमा स्रोत भएको ब्याज, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा बिक्री, बोनस, अवकाश भुक्तानी आदी
- दफा ८८क: आकस्मिक लाभ बापतको रकम भुक्तानी
- दफा ८९: ठेक्का वा करारको भुक्तानी
- दफा ९०: कट्टी गरिएको करको विवरण र कर रकम दाखिला
- दफा ९१: कर कट्टीको प्रमाणपत्र
- दफा ९२: अन्तिम रूपमा करकट्टी हुने भुक्तानीहरु
- दफा ९३: अन्तिम रूपमा कट्टी नहुने करको मिलान सुविधा र समावेश
- दफा ११७ख: समयमा कर विवरण पेश नगरेमा १.५% का दरले शुल्क लाग्ने
- ११९(१) र ११९(३): समयमा कर दाखिला नगरेमा १५% का दरले व्याज लाग्ने

# अग्रिम करकट्टी गर्नुपर्ने र दाखिला गर्नुपर्ने दायित्व

- भुक्तानी कै समयमा वा स्रोतमा नै कर कट्टी हुने प्रावधानलाई आग्रिम करकट्टी भनिन्छ र यसको दायित्व जो व्यक्तिले रकम भुक्तानी गर्दछ त्यो व्यक्ति रहन्छ र कर दाखिला गर्ने जम्मेवारी समेत सोहि व्यक्तिको रहन्छ ।
- यदी भुक्तानीको बखतमा भुक्तानी गर्ने व्यक्तिले करकट्टी नगरी सम्पूर्ण रकम भुक्तानी गरेमा भुक्तानी गर्ने व्यक्ति र भुक्तानी प्राप्त गर्ने व्यक्ति दुबैबाट कर असुल उपर गर्न सक्छ । (मुख्यतया सेवाको हकमा)
- तसर्थ भुक्तानी गर्दा कै अवस्थामा तोकिएको दरले कर कट्टा गरी बाँकी रकम मात्र भुक्तानी गर्नु पर्दछ ।

# अग्रिम करकट्टी र करको दर

| भुक्तानीमा कर कट्टी हुने | कर कट्टी |
|---|---|
| रोजगारीको आय | अनुसूची १ को दफा १ बमोजिम |
| नेपालका स्रोत भएको ब्याजको भुक्तानी | ६ % प्राकृतिक ब्यक्तिको १५ % निकायको हकमा |
| मूल्य अभिवद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्द व्यक्ति - बिक्रि बोनस बाहेक | १.५ % |
| योगदानमा आधारित स्वीकृत अवकाश कोषबाट रु ५ लाख वा भुक्तानीको ५० % मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहेको रकम | ५ % |
| प्राकृतिक स्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनश, अवकाश भुक्तानी, बैठक भत्ता, आदि (मू.अ. करमा दर्ता नभएको) | १५ % |

| भुक्तानीमा कर कट्टी हुने | दर |
|---|---|
| लाभांस भुक्तानी | ५ % |
| भाडा भुक्तानी (घर भाडा बाहेक) | १० % |
| प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकममा | कर नलाग्ने |
| प्राकृतिक व्यक्ति बाहेक अर्थात निकायले घर बहाल बापत प्राप्त गरेको रकममा | १० % |
| दुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी (मू.अ. करमा दर्ता नभएको) | २.५ % |
| दुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी (मू.अ. करमा दर्ता भएको) | १.५ % |
| स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ % |

| भुक्तानीमा कर कट्टी हुने | दर |
|---|---|
| ठेक्का वा करार बापतको रु ५० हजार भन्दा बढीको रकम भुक्तानी (दस दिनको समय अवधि भित्रको भुक्तानी) | १.५ % |
| गैर बासिन्दा व्यक्ति ठेक्का वा करार बापतको रु ५० हजार भन्दा बढीको रकम भुक्तानी | ५ % |
| उपभोक्ता समिति मार्फत काम गराउने गरी रु ५० लाख भन्दा बढी रकम भुक्तानी | १.५ % |
| बासिन्दा बैंक वा अरु बासिन्दा वित्तिय संस्थालाई तिरेको व्याज रकम भुक्तानी | कर नलाग्ने |
| सहकारी बैंक तथा सहकारी संघसंस्थाले एक आपसमा ऋणमा तिरेको व्याज रकम भुक्तानी | कर नलाग्ने ०७८ ले थप |
| कर छुट पाएको संघ संस्थालाई गरेको भुक्तानी | कर नलाग्ने |
| साहित्यिक लेख वा रचना बापत बासिन्द व्यक्तिलाई रोयल्टी भुक्तानी | १.५%(०७९ थप) |

| भुक्तानीमा कर कट्टी हुने | दर |
|---|---|
| साहित्य, कला, संस्कृति, खेलकुद, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्र योगदान पुप्याए बापत प्राप्त हने राष्ट्रिय र अर्न्तर राष्ट्रियका ५ लाख सम्माको पुरस्कार भुक्तानी | कर नलाग्ने |
| पत्रपत्रिकामा प्रकाशित लेख वा रचना बापतको भुक्तानी | कर नलाग्ने |

# रोजगारीको आयमा लाग्ने करको दर

| आयको सिमा रकम | | कर दर |
|---|---|---|
| एकल | दाम्पती | |
| ० - ५,००,००० | ० - ६,००,००० | १ % |
| ५,००,००१ - ७,००,००० | ६,००,००१ - ८,००,००० | १० % |
| ७,००,००१ - १०,००,००० | ८,००,००१ - ११,००,००० | २० % |
| १०,००,००१ - २०,००,००० | ११,००,००१ - २०,००,००० | ३० % |
| २०,००,००१ - ५०,००,००० | २०,००,००१ - ५०,००,००० | ३६ % |
| ५०,००,००० देखि माथि | ५०,००,००० देखि माथि | ३९ % |

- एकलौटी फर्म दर्ता भएका करदाताको हकमा,
- निवृतभरण बापतको आय, निवृतभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा
- एक प्रतिशत कर लाग्ने छैन ।
- अनुसुची १ को दफा १ को उपदफा (१) र (२)

# रोजगारीको आयमा छुट पाउने

- दुर्गम भत्ता :- रु १०,००० देखि रु ५०,००० सम्म
- वैदेशिक भत्ता :- कर्मचारीले प्राप्त गर्ने वैदेशिक भत्ताको ७५% रकम करयोग्य आयबाट घटाउन पाउने
- चन्दा रकम :- १ लाख वा समायोजित करयोग्य आयको ५% मध्ये जुन घटी हन्छ
- अपाङ्ग व्यक्तिले पाउने :- करयोग्य आयको ५० % रकम घटाउन पाउने
- जीबन बीमा लगानी :- रु ४०,००० वा बीमा बापत भक्तानी रकम जनु कम हुन्छ तो रकम घटाउन पाउने
- स्वास्थ्य बीमा लगानी :- रु २०,००० वा बीमा बापत भक्तानी रकम जनु कम हुन्छ तो रकम घटाउन पाउने

- **नीजि भवनको बीमा रकम** :- रु ५,००० वा बीमा बापत भक्तानी रकम जनु कम हुन्छ तो रकम घटाउन पाउने
- **परिश्रमिक आय मात्र हुने महिला** :- तिर्नु पर्ने कर रकमको १० % रकम घटाउन पाउने (एलक करको दर लिएकोले मात्र यो सुविधा पाउने)
- स्वीकृत औषधी उपचार :- बिलको १५ % वा ७५० जुन घटी हन्छ
- **अवकाश कोषमा रकम जम्मा** :- **नगरिक लगानी कोष र संचयकोषमा** जम्मा ३ लाख वा कर योग्य आय १/३ वा वास्तविक रकम जम्मा जुन कम हुन्छ

:- **समाजिक सुरक्ष कोषमा** जम्मा ५ लाख वा कर योग्य आय १/३ वा वास्तविक रकम जम्मा जुन कम हुन्छ

**नोट** :- कुनै प्रकृतिक व्यक्तिको कुनै आय **वर्षमा** रु ४० **लाख भन्दा** बढी आय भएमा सो व्यक्तिले आय विवरण पेश गर्नु पर्दछ। डे ४ दफा ९७ मा उल्लेख बाहेक

# अग्रिम करकट्टी गरेको करको विवरण र रकम भक्तानी

- **दफा ९०(१) बमोजिम अग्रिम करकट्टी गरेको प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र** विभागले तोकेको तरिका र ढाँचा अनुसार **अग्रिम करकट्टी गरेको विवरण** पेश गर्नु पर्नेछ ।
- साथै **दफा ९०(२)** बमोजिम अग्रिम करकट्टी गरेको प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको **२५ दिन भित्र** करकट्टी गरेको **रकम दाखिला** गर्नु पर्नेछ ।
- **दफा ९०(३)** बमोजिम दफा ८७, ८८, ८८क वा ८९ बमोजिम करकट्टी गर्नु पर्ने तर करकट्टी नगरी भुक्तानी गरेमा **करकट्टी गरेर भुक्तानी गरेको मानिन्ने छ र कर असुल उपर गर्नेछ ।** दोहोरो कर लाग्ने

# अग्रिम करकट्टीको विवरण र रकम दाखिला समयमा नगरेमा

- दफा ९०(१) बमोजिम अग्रिम करकट्टीको विवरण समयमा पेश गर्नुपर्ने, नगरेमा ऐनको दफा ११७(ख) बमोजिम प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर असुल गर्नु पर्ने रकमको वार्षिक २.५% को दरले शुल्क लाग्ने छ। (दफा ९५(क) बमोजिमकोमा १.५% Share)
- दफा ९०(४) बमोजिम अग्रिम करकट्टी गरेको रकम समय अवधि भित्र दाखिला नगरेमा ऐनको दफा ११९(१) र ११९(३) बमोजिम प्रत्येक महिना र महिनाको भागको १५% का दरले ब्याज लाग्ने छ।

# राजस्व शिर्षक

| राजस्व संकेत | राजस्व शीर्षक | व्याख्या |
| --- | --- | --- |
| ११११११ | एकलौटी फर्म तथा व्यक्तिगत | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ |
| १११११२ | पारिश्रमिक कर | कुनै प्रकृति व्यक्तिले रोजगारबाट प्राप्त गरेको तलब, ज्याला, मजदुरी, पारिश्रिमक भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगार सम्बन्धमा गरिएको अन्य भुक्तानी आयमा लाग्ने कर यसमा पर्दछ |
| ११११२१ | निकायको मुनाफामा लाग्ने कर (**सरकारी संस्थान**) | सरकारको पुर्ण वा अधिकाशं ५० प्रतिशत भन्दा बढी स्वामित्व भएको सरकारी निकायको आयमा लाग्ने कर यसमा पर्दछ |

| | | |
|---|---|---|
| ११११२२ | निकायको मुनाफामा लाग्ने कर (**पब्लिक लिमिटेड कम्पनी**) | कुनै विषेश ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएको पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ११११२३ | निकायको मुनाफामा लाग्ने कर (**प्राइभेट लिमिटेड कम्पनी**) | कम्पनी ऐन अन्तर्गत दर्ता भएको प्राइभेट लिमिटेड कम्पनी तथा आयकर एन बमाजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ११११२४ | निकायको मुनाफामा लाग्ने कर (**अन्य संस्था**) | माथि उल्लिखित उपशीर्षक ११११२१ देखि ११११२३ भित्र परेको बाहेक अन्य संस्थाहरु : साझेदारी फर्म, **सहकारी संस्था,** ट्रस्ट, संघ संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ । |

| | | |
|---|---|---|
| ११३१ | सम्पति, **बहाल** तथा पट्टा बापतको आयमा लाग्ने कर | घर, जग्गाा, सवारी साधन तथा अन्य अचल सम्पति बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिएको बापत आयमा लाग्ने कर यसमा पर्दछ । |
| ११३२ | **ब्याजमा** लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरेको वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । |
| ११३३ | **लाभांसमा** लाग्ने कर | कुनैपनि कम्पनी वा निकायमा लगानी गरे बापत त्यस निकायले भुक्तानी गरेको लाभमा लाग्ने कर यसमा पर्दछ । |
| ११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |


| | | |
|---|---|---|
| ११११३ | पूँजीगत लाभकर | घर, जग्गाा, शेयर तथा अन्य सम्पति बिक्रि, निर्सगबाट भएको पूँजीगत लाभमा **व्यक्ति तथा एकलैटी फर्मलाई** लाग्ने कर यसमा पर्दछ । |
| ११११२५ | पूँजीगत लाभकर निकाय | घर, जग्गाा, शेयर तथा अन्य सम्पति बिक्रि, निर्सगबाट भएको पूँजीगत लाभमा **निकायलाई** लाग्ने कर यसमा पर्दछ |
| १११३९ | **अन्य आयमा लाग्ने कर** | माथि उल्लेखित शीर्षक नं. हरुमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |

# आयकर र व्यवस्था

## आयकरको दायरा र कर दायित्व

कुनै व्यक्तिको कुनै आय वर्षमा करयोग्य आय भएमा सो व्यक्ति करको दायरामा आउछ र सो व्यक्तिले विभागले तोको बमोजिम र समय अवधिमा कर भुक्तानी गर्नु पर्दछ ।

# व्यक्ति / करदाताको किसिम



# सहकारी संघ संस्थामा लाग्ने आयकर दर

*अनुसूची १ दफा २(३)*

सहकारी ऐन २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेको संस्थाहरुका देहाय बमोजिमका दरले आयकर लाग्ने छ ।

| क्षेत्र | करको दर |
|---|---|
| नगरपालिका क्षेत्रभत्रि संचालन तथा दर्ता भएकोमा | ५ प्रतिशत |
| उपमहानगरपालिका क्षेत्रभत्रि संचालन तथा दर्ता भएकोमा | ७ प्रतिशत |
| महानगरपालिका क्षेत्रभत्रि संचालन तथा दर्ता भएकोमा | १० प्रतिशत |

## तर

# बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुको देहाय बमोजिमका दरले आयकर लाग्ने छ ।

- क्षेत्र — करको दर
- नगरपालिका क्षेत्रभत्रि संचालन तथा दर्ता भएकोमा — १०%
- उपमहानगरपालिका क्षेत्रभत्रि संचालन तथा दर्ता भएकोमा — १५%
- महानगरपालिका क्षेत्रभत्रि संचालन तथा दर्ता भएकोमा — २०%

# दफा ११(२) अर्न्तगत सहकारी संस्थालाई आयकर छुट तथा सुविधाहरु

- सहकरी ऐन २०७४ बमोजिम दर्ता भई संचालन भएको कृषी वा वन पैदावरमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफुल खेती, उत्पादन तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारी बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कवुलियति वन, एग्रोफरेष्ट्रि आदि व्यावसायिक वन सम्बान्धी व्यवसायहरु
- गाउँपालिका क्षेत्रमा संचालित सहकारी संघसंस्थाको आयमा

✓ तथा यस्तो सहकारी संघसंस्थाले वितरण गरेको लाभांस र निक्षेपबाट आर्जित बार्षिक २५,००० सम्मको ब्याज आम्दनीमा अग्रिम करकट्टी गर्नु पर्दैन ।

# अन्य आयकर छुट तथा सुविधाहरु

- दफा १२ कर छुट पाएका संस्थाहरुलाई दिएको चन्दा उपहार :- १ लाख वा समायोजित करयोग्य आयको ५% मध्ये जुन घटी हन्छ
- दफा १२क सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च :- विभागको पूर्व स्वीकृति लिई १० लाख वा समायोजित करयोग्य आयको १०% मध्ये जुन घटी हन्छ
- दफा १२ख प्रघानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकार स्थापना गरेको पुनर्निमाण कोषमा योगदान गरको सम्पूर्ण रकम
- दफा १२ग स्टार्ट अप व्यवसायलाई दिएको बीउ पूँजी रकम :- बढीमा ५ वटा स्टार्ट अप व्यवसायलाई र प्रति व्यवसाय रु १ लाख सम्म

# कट्टी गर्न नपाउने खर्च

दफा २१ (१)

(क) घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च,

(ख) यस ऐन बमोजिम बुझाउनु पर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानुन वा सो कानुन अन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लङ्घन गरे बापत बुझाइएको जरिबाना र अन्य शुल्क, तर प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रुपमा कट्टी गर्न पाइनेछ ।

(ग) दफा १० बमोजिम छुट पाउने रकमहरु प्राप्त गर्न कुनै व्यक्तिबाट खर्च गरिएको हदसम्मका वा अन्तिम रूपमा कर कट्टी गरिएका रकमहरु प्राप्त गर्न गरिएका खर्चहरु,

घ) उपदफा (२) मा लेखिएको भुक्तानी बापतको खर्च, रु ५०,००० भन्दा बढीको नगद भुक्तानी

(घ१) पटके प्रकृतिको रु ३,००० **सम्मको** ज्याला भुक्तानी बाहेक **स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई** वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च,

(घ२) स्थायी लेखा नम्बर उल्लेख नभएको रु २,००० **भन्दा बढीको बीजक बापतको खर्च,** तर व्यावसायिक कारोबार नगर्ने **प्राकृतिक व्यक्तिसँग** सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिदमा **बिक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनि त्यस्तो खरिद खर्च मान्य हुनेछ ।**

(ङ) कुनै निकायबाट गरिएको मुनाफाको वितरण (**लाभांस वितरण**)

ऐनले तोकेको खर्च व्यवस्था बाहेका अन्य व्यवस्थाहरु कट्टी गर्न पाउँदैन ।

**दफा २१**(२) एक पटकमा रु ५०,००० **भन्दा बढीको नगद भुक्तानी** गरेमा सो कट्टी गर्न पाउने छैन तर .........

**दफा २१**(३) **पुँजीगत प्रकृतिको खर्च वा विदेशी आयकर बापत कुनै भुक्तानी** कट्टी गर्न पाउने छैन

# अग्रिम आयकर र अनुमानित आय विवरण

- ऐनको दफा ९४ बमोजिम कुनै व्यक्तिको आय ( रोजगारी, व्यवसाय र लगानी) **वर्षमा रु ७,५०० भन्दा बढीको कर दायित्व सिर्जना** भएमा त्यस्ता व्यक्तिले अग्रिम आयकर र अनुमानित आय विवरण विभागले तोकेको समय अवधि (पौष महिना) र ढाँचामा बुझाउनु पर्दछ । अनुमानित विवरण फरक परेमा संशोधन गर्न सकिने ।

- **किस्ता र सोको विवरण बुझाउनु नपर्ने व्यक्ति / अवस्था :**
  - अन्तिम रूपमा करकट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्तिले
  - रोजगारीको आयमात्र भएको
  - आकस्मिक लाभ वापतको आय मात्र भएको

# अनुमानित आय विवरण पेश नगरे लाग्ने शुल्क

- दफा ११७(क) अनुमानित आय विवरण पेश व्यक्तिले आय वर्षको अनुमानित आय विवरण पेश नगरेमा प्रति विवरण रु ५,००० वा आय विवरणमा उल्लेखित निर्धारणयोग्य आय रकमको ०.०१% का दरले हुने रकम मध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्ने छ ।

# किस्ताबन्दीमा दाखिला गर्नुपर्ने कर

- **पौष** महिनाको अन्त्यसम्म :

अनुमानित करको **चालीस** प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम

- **चैत्र** महिनाको अन्त्यसम्म :

अनुमानित करको **सत्तरी** प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम

- **आषाढ** महिनाको अन्त्यसम्म :

अनुमानित करको **शत** प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम

# अनुमानित कर कम दाखिला गरेमा लाग्ने ब्याज र त्यसको गणना

- दफा ११८(१) कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम दाखिला गरेको ९०% भन्दा कम रकम दाखिला गरेमा किस्ता बुझाउनुपर्ने मितिदेखि देहायको अवधि सम्मको प्रत्येक महिना र महिनाको भागका १५% का दर बमोजिम ब्याज लाग्ने छ ।

# उदाहरण

| विवरण | पहिलो किस्ता ४० प्रतिशतले | दोश्रो किस्ता ७० प्रतिशतले | तेश्रो किस्ता १०० प्रतिशतले |
|---|---|---|---|
| किस्ता रकम | ३२,००० | ५६,००० | ८०,००० |
| ११८(१)(क) अनुसार तिरेको रकम | २२,००० | ३९,००० | ५६,००० |
| तिरेको रकम ११८(१)(ख) अनुसार न्यूनतम तिनुपर्ने रकम | २८,८०० | ५०,४०० | ७२,००० |
| ब्याज लाग्ने रकम | ६,८०० | ११,४०० | १६,००० |
| ब्याज रकम | २५५ | ४२७.५ | ६०० |
| कुल ब्याज रकम रु. | १,२८२.५ | | |

# कर नबुझाएमा लाग्ने ब्याज: दफा ११९

- ११९(१): कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले ब्याज लाग्नेछ
- ११९(२): उपदफा (१) बमोजिम तिर्नुपर्ने ब्याज गणना गर्ने प्रयोजनको लागि दफा ९८ बमोजिम दिइएको थप म्यादमा ब्याजछुट पाइने छैन ।
- ११९(क): ऐनको पालना नगरे रु ५,००० देखि रु ५०,००० सम्म शुल्क लाग्नेछ ।

# वार्षिक आय विवरणको व्यवस्था

- ऐन दफा ९६ बमोजिम कुनै आय वर्षमा रोजगारी, व्यवसाय र लगानीबाट कुनै आय भएको व्यक्तिले आय विवरण बुझाउनु पर्दछ।
- आय वर्ष समाप्त भएको तीन महिना भित्रमा
- तीन महिना भित्र आय विवरण पेश गर्न नसकिएमा थप ३ महिना आय विवरण पेश गर्ने म्याद थप गर्न सकिनेछ । सो अवधि पौष मसान्त सम्म हुनेछ। **Online** निवेदन गर्नु पर्नेछ।
- कुनै व्यक्तिले विभागमा म्यादभित्र पेश गरेको आय विवरण कुनै अवस्थामा संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले तीस दिनभित्र विभागले तोकेको प्रक्रिया बमोजिम आय विवरण संशोधन गर्न सक्नेछ .

# समयमा आय विवरण पेश नगरेमा शुल्क

- ऐनको दफा ९०(१) बमोजिमे विवरण समयमा पेश गर्नु पर्ने नगरेमा ऐनको **दफा ११७(ग)** बमोजिम प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर असुल गर्नु पर्ने रकमको **वार्षिक ०.१%** **वा रु १०० प्रति महिनाका** दरले हुने रकम मध्य जुन बढी हन्छ त्यो शुल्क लाग्ने छ ।

# आय विवरण दाखिला गर्नु नपर्ने व्यक्ति

दफा ९७ : देहाय बाहेकका सम्पूर्ण व्यक्तिले दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्दछ ।

- ९७(१)(क) कर दायित्व सिर्जना नभएको व्यक्ति
- ९७(१)(ख र ग) रोजगारीबाट मात्र आय भएको र एक पटकमा एउटा मात्र रोजगारदाता भएको व्यक्ति,
- ९७(१)(ख र ग) अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मात्र प्राप्त गर्ने व्यक्ति,
- ९७(१)(घ) भाडाका सवारी साधन र दुवानी सेवा बापतको प्राकृतिक व्यक्तिले भुक्तानी प्राप्त,
- ९७(१)(ङ) आय विवरण पेश गर्न नचाहने गैर व्यवसायिक करयोग्य सम्पत्ति निसर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले आय विवरण बुझाउनु पर्दैन

# आयमा समावेश गर्नु पर्ने रकम

| | | |
|---|---|---|
| ७(२)(क) | सेवा शुल्क, | |
| ७(२)(ख) | व्यपारिक मौज्दातको नि:सर्गबाट प्राप्त रकम, | |
| ७(२)(ग) | व्यवसायिक सम्पत्ति वा व्यावसायिक दायित्वको नि:सर्गबाट प्राप्त खुद लाभ, | |
| ७(२)(घ) | ह्रासयोग्य सम्पत्तिको नि:सर्गबाट प्राप्त गरेको लाभ | |
| ७(२)() | व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार, | |
| ७(२)(च) | व्यवसाय सञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरेको रकम | |
| ७(२)(छ) | व्यवसायसंग प्रत्यक्षरुपमा सम्बन्धित लगानीबाट प्राप्त गरेको रकम | |
| २२(छ) | लेखांकनको तरिकामा परिवर्तन गर्दा भएको आय | |
| २४(३) | लेखाको तरिकामा परिवर्तन गर्दा भएको आय | |
| २४(४) | मुद्राको मूल्यांकनको फरक बाट र्भएको आय | |
| २५(१) | डुबेको ऋृण असुल उपरबाट भएको आय | |
| २२(१) | दीर्घकालीन करारको हकमा सम्पन्न प्रतिशत अनुसार समावेश हुने रकम | |
| २७(१) | प्रचलित व्याज दर भन्दा कम दरमा व्याज तिरको भए कम भएजति रकम | |
| २९ | भुक्तानी पाउनु पर्ने रकम अन्यव्यक्तिले भुक्तानी पाएको रकम | |
| ३१ | क्षतीपूर्ति बापत प्राप्त गरेको रकम | |
| | आयमा समावेश गर्नु पर्ने अन्य रकम | |
| | **जम्मा आय** | |

# आयकारमा कट्टी पाउने खर्चहरु

| | | |
|---|---|---|
| १३ | सामान्य खर्च / अन्य खर्च | |
| १४ | व्याज खर्च | |
| १५ | व्यापार मौज्दातको लागत खर्च | |
| १६ | मर्मत तथा सूधार खर्च (बढीमा ७% ह्रासयोग्य सम्पतिको) | |
| १७ | प्रदूषण नियन्त्रण खर्च (बढीमा ५०% करयोग्य रकमको) | |
| १८ | अनूसन्धान र विकास खर्च(बढीमा ५०% करयोग्य रकमको) | |
| १९ | ह्रास खर्च | |
| ५९(१) | जगेडा रकम (कर्जा नोक्साी व्यवस्था) | |
| ७१(४) | विदेशमा तिरेको कर | |
| | जम्मा खर्च | |

# व्यवसायबाट नोक्सानी दफा २०

- कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्दा नोक्सानी भए सो नोक्सानी सात आय वर्ष सम्म मिलान गर्न सकिन्छ ।

**उदाहरण**

२०७७.०७८ आय वर्षको नोक्सानी २०८४.०८५ सम्म मिलान गर्न सकिन्छ ।

# आयकर ऐन अन्तर्गत दण्ड सजाय र जरिवन

दफा १२० झुठा वा भ्रम पूर्ण विवरण दाखिला गर्नेलाई लाग्ने शुल्क :-

(क) **जानाजान वा लपरबाहीपूर्ण तरिकाले नभई भूलवश झूठा वा भ्रमपूर्ण** विवरण पेश हुन गएको त्यसबाट हुने **घटी करको ५० प्रतिशत** शुल्क ।

(ख) **जानाजान वा लपरबाहीपूर्णले को आय विवरण पेश गरेमा** त्यसबाट हुने **घटी करको १०० प्रतिशत** जरिवाना हुनेछ । यस प्रकारको जरिवाना शुल्क करदाताको कर परीक्षण गर्दा लगाईने छ ।

दफा १२३ कर दाखिला नगर्नेलाई सजाय :- **पाँच हजार रुपैयाँ देखि तीस** हजार रुपैयाँसम्म जरिवाना वा एक महिना देखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

दफा १२४ झुट्ठा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय :- चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँ सम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

दफा १२५ कर प्रशासनमा वाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई सजाय :- पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँ सम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-

दफा १२८ ऐनको पालना नगर्नेलाई हुने सजाय :- पाँच हजार रुपैया देखि तीस हजार रुपैयाँ सम्म जरिवाना हुनेछ

# Question and Query

# Thank You